## सुचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सुचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

स्वतः प्रकाशन

२०८२ माघ –चैत्र

कोन्ज्योसोम गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चौघरे ललितपुर

नेपालको संविधानले नागरिकहरूमा सूचनाको हक प्रत्याभूत गरेको छ । सूचनाको हकको संवैधानिक व्यवस्था कार्यान्वयनको लागि सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ कार्यान्वयनमा रहेको छ । सूचनाको हक सम्बन्धी ऐनको दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।

कोन्ज्योसोम गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ को माघ, फागुन र चैत्र महिनामा सम्पादन गरेका प्रमुख कामहरूको विवरण स्वतः प्रकाशन गरिएको छ।

मितिः २०८३ बैशाख १४

कोन्ज्योसोम गाउँपालिका

चौघरे ललितपुर ।

**(१) कार्यालयको स्वरुप र प्रकृतिः** नेपालको संविधान भाग ५ राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड अन्तर्गत धारा ५६ को (४) र (५) मा भएको व्यवस्था अनुसार देशभरमा ७५३ स्थानीय तह (गाउँ तथा गाउँपालिका) हरू गठन भई प्रदत्त कानून बमोजिम संचालनमा रहेका छन् । यीनै ७५३ मध्ये बागमती प्रदेश अन्तर्गत ललितपुर जिल्लाको दक्षिणी भेगमा अवस्थित एक सुन्दर पहाडी कोन्ज्योसोम गाउँपालिका हो । यस गाउँपालिकालाई तत्कालीन सरकारले वि.स. २०७३ साल फाल्गुन २७ गते साविकाका ५ वटा गाउँ विकास समिति क्रमशः चौघरे, शंखु, दलचोकी, नल्लु र भारदेउ मिलाएर स्थानीय तह पुनसंरचना पश्चात यो गाउँपालिका ५ वटा वडामा विभाजित भएकोछ । हालको संविधान २०७२ जारी भएसँगै मुलुकमा संघिय व्यवस्था कार्यान्वयनमा आएको छ । संवैधानिक रुपमै तीन तहको सरकारको जिम्मेवारी समेत किटान गरी संघियता लागू भएकाले गाउँपालिकाको अधिकार तथा सेवा प्रवाहको क्षेत्रानुसार भूमीकामा व्यापकता आएको छ ।

स्थानीय तहको मिति २०७९ वैशाख ३१ मा भएको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूको नेतृत्वमा कोन्ज्योसोम गाउँसभा र गाउँ कार्यपालिकाबाट यो गाउँपालिका सञ्चालित छ । २०७८ सालको राष्ट्रिय जनगणना अनुसार कोन्ज्योसोम गाउँपालिकाको कुल जनसंख्या ८९८९ रहेको छ जसमा महिलाको जनसंख्या ४५९१ र पुरुषको जनसंख्या ४३९८ रहेको छ । कुल घरपरिवार संख्या २१४२ रहेको छ। ४४.१८ वर्ग कि.मि. क्षेत्रफल रहेको यो गाउँपालिकाको पूर्वमा काभ्रेपलाञ्चोक जिल्लाको पनौती गाउँपालिका र वेथानचोक गाउँपालिका, पश्चिमतर्फ ललितपुर जिल्लाको बागमती गाउँपालिका र गोदावरी गाउँपालिका, उत्तरतर्फ गोदावरी गाउँपालिका र दक्षिणतर्फ बागमती गाउँपालिका र मंहाकाल गाउँपालिका भित्र फैलिएको छ ।

गाउँपालिका सञ्चालन व्यवस्थापन एवम् नियमित सेवा प्रवाहका लागि गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिहरू २९ जना र विभिन्न कार्यक्रमहरूमा समेत गरी कार्यरत जम्मा १०४ जना (गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालय/स्वास्थ्य संस्था) कर्मचारीहरू मार्फत गाउँपालिकाको समग्र सेवा प्रवाहको व्यवस्थापन हुँदै आएको छ । त्यसै गरी विद्यालयस्तरमा १५४ जना शिक्षक तथा २३ जना विद्यालय कर्मचारीहरू बालविकास सहजकर्ता ३० जना एवम् स्थानीयस्तरमा सामुदायिक महिला स्वास्थ्य स्वयमसेबीकाहरू ४५ जना, न्यायिक समिति पदाधिकारीहरु ३ जना र मेलमिलापकर्ताहरू ३१ जनाबाट समेत सेवा सञ्चालनमा सहजीकरणको भूमिका निर्वाह भएको छ । यसरी हेर्दा, स्थानीय तहको स्वरुप प्रशासनिक र राजनीतिक दुवै प्रकारको हुन्छ भने यसको प्रकृति लोकतान्त्रिक, सहभागितामुलक र जनउत्तरदायी हुन्छ ।

**(२) कार्यालयको काम, कर्तव्य र अधिकारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ बमोजिम गाउँपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क. गाउँ प्रहरी ईकाई गठन, संचालन र व्यवस्थापन
ख. सहकारी संस्था नियमन
ग. एफ.एम. सञ्चालन
घ. स्थानीय कर सेवा शुल्क तथा दस्तुर
ङ. स्थानीय सेवाको व्यवस्थापन
च. स्थानीय तथ्यांक र अभिलेख सकंलन
छ. स्थानीयस्तरका विकास आयोजना तथा परियोजना
ज. आधारभूत र माध्यमिक शिक्षा
झ. आधारभूत स्वास्थ्य र सरसफाई
ञ. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
ट. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ
ठ. गाउँसभा, गाउँ सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
ड. स्थानीय अभिलेख व्यवस्थापन
ड. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण (यो अधिकार कार्यान्वयनमा आएको छैन ।
ण. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी
त. जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन
थ. बेरोजगारको तथ्याकं संकलन
द. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण
ध. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा
न. विपद् व्यवस्थापन
प. जलाधार बन्यजन्तु खानी तथा खनिज पदार्थको संरक्षण
फ. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास
ब. खेलकुद र पत्रपत्रिका
भ. आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन
म. विद्युत, खानेपानी तथा सिँचाइ जस्ता सेवाहरू
य. सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क
र. बन, जगंल, बन्यजन्तु, चराचुरुगीं, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता
ल. सामाजिक सुरक्षा र गरिबी निवारण
ब. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याक
स. स्थानीयस्तरमा पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्वद्धन र पुनः निर्माण ।
ष. सुकुम्बासी व्यवस्थापन

श. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी व्यवस्थापन

ह. सवारी साधन अनुमति व्यवस्थापन

क्ष. भूमि व्यवस्थापन

त्र. सञ्चार सेवा व्यवस्थापन

ज्ञ. यातायात सेवा व्यवस्थापन

क.१ संघ संस्था दर्ता तथा नवीकरण

**वडा समितिबाट सम्पादन हुने कार्य**

(क) वडास्तरीय तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने।

(ख) बडाका विकास निर्माणका योजना तर्जुमा कार्यान्वयन, अनुगमन र आवधिक प्रगति समीक्षा गर्ने ।

(ग) बडाका विकास निर्माणका कार्यहरू गर्ने ।

(घ) कानून बमोजिमका नियमन कार्य गर्ने ।

(ङ) अभिलेख व्यवस्थापन, सिफारिस तथा प्रमाणित गर्ने ।

**(३) कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरणः** गाउँपालिका, वडा तथा स्वास्थ्य संस्था समेत गरी कुल १९६ जना कर्मचारी रहनेछन्। जसमध्ये २० जना वडा, ११६ जना गापा केन्द्र र २० जना अस्पताल र ४० जना स्वास्थ्य संस्थाहरुका लागि प्रस्ताव गरिएको छ ।

**गाउँपालिकाको प्रस्तावित जनशक्ति दरवन्दी साराँश (तहगत)**

| अधिकृत आठौं | अधिकृत सातौं/आठौं | अधिकृत छैठौं/सातौं/आठौं | अधिकृत छैठौं/सातौं | पाचौं/छैठौं/सातौं | अधिकृत/सहायक छैठौं/पाचौं | सहायक पाचौं | सहायक चौथो/पाचौं | सहायक चौथो | श्रेणी विहिन | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५ | ५ | ५ | १३ | २९ | २३ | २८ | ३८ | ४८ | १९६ |

(४) **कार्यालयबाट प्रदान गरिने सेवाः**

१) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई प्राप्त अधिकार अनुसारका आवश्यक कानून तर्जुमा गरि कार्यान्वयन गर्ने गराउने।।

२) गाउँपालिकाको बजेट नीति तथा कार्यक्रम तर्जुमा गरि विकास योजना तथा कार्यक्रम सञ्चालन गर्ने गराउने।

३) गाउँपालिका र अन्तरगतका शाखा, वडा कार्यालय, स्वास्थ्य संस्था र सेवा केन्द्रबाट नियमित सेवा प्रवाह सञ्चालन र व्यबस्थापन गर्ने गराउने।

४) विभिन्न योजना कार्यक्रम सञ्चालन तथा सेवा प्रवाहको क्षेत्रमा भए गरेका कार्यहरूको नियमित रुपमा अनुगमन मूल्याङ्कन गर्ने ।

५) गाउँपालिकाको गतिविधिहरूलाई समयसमयमा विभिन्न सञ्चार माध्यमहरूबाट सार्वजनिक गरी आम नागरिकलाई जानकारी गराउने ।

६) दिगो विकास लक्ष्य हासिल गर्न दिगो र प्रभावकारी रुपमा विकास व्यवस्थापनका लागि विभिन प्रकारका अध्ययन अनुसन्धान प्रतिवेदन तयार गर्ने गराउने ।
७) गाउँको समग्र विकास एवम् सेवा प्रवाहका लागि आवश्यक संस्थागत तथा मानव संसाधन विकास योजना तर्जुमा एवम् क्षमता विकास गरी स्रोत साधनको अधिकतम परिचालन गर्ने ।
८) गाउँपालिकाबाट गरिएका कार्यहरूको अभिलेखलाई संग्रहित एवम् सूचना व्यवस्थापन गर्ने ।
९) गाउँ विकासमा सरोकार राखे संघ, प्रदेश, स्थानीय सरकार र अन्य सरोकारवालाहरूसंग आवश्यक समन्वय र सहकार्य गर्ने ।
१०) कोन्ज्योसोम गाउँ कार्यपालिकाको कार्यालयबाट प्रदान गरिएको सेवाको सूचना माग भए बमोजिम सूचनाको हक सम्बन्धी ऐन तथा नियमावली अनुसार प्रवाह गर्ने ।

**(५) सेवा प्रदान गर्ने निकायको शाखा, उपशाखा र जिम्मेवार अधिकारीः** कोन्ज्योसोम गाउँपालिकाको कार्यालय तथा मातहतका कार्यालयमा रहेका शाखा, उपशाखा तथा जिम्मेवार कर्मचारीहरुको संक्षिप्त विवरण

| क्र.सं. | शाखा उपशाखा इकाइ केन्द्र | कर्मचारीको नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिकाको कार्यालय | गोपाल प्रसाद दुलाल | प्रमुख प्रशासकीय अधिकृत | ९८५१४२०१०० |
| २ | आर्थिक प्रशासन शाखा | तप्तराज उपाध्याय | लेखा अधिकृत | ९८५८४२१०३० |
| ३ | सामाजिक विकास शाखा/शिक्षा, युवा तथा खेलकुद शाखा | बिष्णुप्रसाद आचार्य | बरिष्ठ शिक्षा अधिकृत | ९८६०२९२६०६ |
| ४ | योजना, अनुगमन तथा तथ्याङ्क व्यवस्थापन शाखा | चित्रदेव दहाल | अधिकृत | ९८४९२९६०५२ |
| ५ | कर्मचारी प्रशासन शाखा | काशीप्रसाद दहाल | अधिकृत | ९८५१२०७८७७ |
| ६ | पूर्वाधार विकास शाखा | अशोक रोकाया | सहायक इन्जिनियर | ९८४१३५२१५६ |
| ७ | आर्थिक विकास शाखा/कृषि विकास शाखा | सीता लामा | कृषि अधिकृत | ९८४१४७१७५३ |
| ८ | स्वास्थ्य शाखा | जयराम संजेल | सि.अ.हे.व. छैटौं | ९८४३८०२४९४ |
| ९ | आन्तरिक लेखा परीक्षण शाखा | मधुसुदन उपाध्याय | सहायक लेखा अधिकृत | ९८४४८१२३४६ |
| १० | सार्वजनिक खरिद तथा जिन्सी उपशाखा | राजकुमार घर्तीमगर | अधिकृत | ९८४६५९९७७५ |
| ११ | न्याय तथा कानून उपशाखा | मीनु घिमिरे | सामाजिक परिचालक | ९८६०१९५०३३ |

| | | | | |
|---|---|---|---|---|
| १२ | महिला बालबालिका तथा समावेशी उपशाखा | सपना तामाङ | बालकल्याण अधिकारी | ९८५१३३६६१८ |
| १३ | सामाजिक सूरक्षा तथा पञ्जीकरण उपशाखा | अर्जिना घिसिङ | MIS अपरेटर | ९८४४२७७८९६ |
| १४ | संघ, संस्था दर्ता तथा व्यवस्थापन उपशाखा | बिष्णु सिजापती | सहायक कम्प्युटर अपरेटर | ९८४९७४१०९७ |
| १५ | रोजगार प्रवर्द्धन तथा गरिवी न्यूनीकरण/ रोजगार सेवा केन्द्र उपशाखा | मदन कुमार लामा | रोजगार संयोजक | ९८४१४८६३३८ |
| १६ | भवन तथा भूमी व्यवस्थापन उपशाखा | अनिल नगरकोटी | सब-इन्जिनियर | ९८५११८०४५१ |
| १७ | वन, वातावरण तथा विपद् व्यवस्थापन उपशाखा | बिक्रम महर्जन | वरिष्ठ सहायक | ९८५११७१५५० |
| १८ | आपतकालीन सामाग्री व्यवस्थापन ईकाई (व्याक हो लोडर/एम्बुलेन्स) | जयराम संजेल<br>अशोक रोकाया | सि.अ.हे.व. छैटौ<br>सहायक इन्जिनियर | ९८४३८०२४९४<br>९८४१३५२१५६ |
| १९ | पशुपन्छी तथा मत्स्य विकास उपशाखा | मदन थिङ | सहायक पाँचौ | ९८४८७४५०६६ |
| २० | सूचना तथा संचार प्रविधि उपशाखा | माधव घिमिरे | सूचना प्रविधि अधिकृत | ९८५११९९११४ |
| २१ | उद्योग तथा सहकारी व्यवस्थापन मेडपा उपशाखा | मन्दिरा श्रेष्ठ | उ.वि.सहजकर्ता | ९८६०३२८२१० |
| २२ | राजश्व उपशाखा | बिष्णु सिजापती | सहायक कम्प्युटर अपरेटर | ९८४९७४१०९७ |
| वडा कार्यालय र वडा सचिवहरु | | | | |
| १ | १ नं. वडा कार्यालय, चौघरे | प्रेम लामा | वडा सचिव | ९८६०३५०८१५ |
| २ | २ नं. वडा कार्यालय, शंखु | भुमिका जोशी | वडा सचिव | ९८६९१८६२१३ |
| ३ | ३ नं. वडा कार्यालय, दलचोकी | प्रेमकुमारी पहाडी | वडा सचिव | ९८६८१६४८०६ |
| ४ | ४ नं. वडा कार्यालय, नल्लु | भवानी थापा क्षेत्री | वडा सचिव | ९८४६९५३६१७ |
| ५ | ५ नं. वडा कार्यालय, भारदेउ | तृष्णा दुर्गा राई | अधिकृत छैटौ/वडा सचिव | ९८१९००२०८१ |
| स्वास्थ्य संस्था र केन्द्रहरु | | | | |

| | | | | |
|---|---|---|---|---|
| १ | चौघरे स्वास्थ्य चौकी | प्रेम कुमार चौधरी | ज.स्वा.नि. | ९८४१५२६३७३ |
| २ | शंखु स्वास्थ्य चौकी | गरिमा विष्ट मगर | ज.स्वा.नि. | ९८५१३३०४६७ |
| ३ | दलचोकी स्वास्थ्य चौकी | बिजयराम महर्जन | सि.अ.हे.व. पाँचौ | ९८४१२६०४६१ |
| ४ | नल्लु स्वास्थ्य चौकी | नवलकिशोर महतो | सि.अ.हे.व. छैटौ | ९८४१०५८५६५ |
| ५ | भारदेउ स्वास्थ्य चौकी | धनकुमारी राजभण्डारी | सि.अ.न.मि. छैटौ | ९८६६५४३४७१ |
| ६ | सामुदायिक स्वास्थ्य इकाई, चौघरे | अनिता घ्याबा | अ.हे.ब. | ९८६०६८४७४८ |

**(६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः** कोन्ज्योसोम गाउँपालिका आर्थिक ऐन, २०८२ तथा अन्य प्रचलित कानूनमा तोकिए बमोजिमको शुल्क तथा दस्तुर अनुसार गाउँ कार्यपालिकाको कार्यालय र मातहतका तोकिए बमोजिमका कार्यालयबाट सेवा बापतको दस्तुर तथा सेवा शुल्क लिइ सेवा प्रवाह गरिन्छ । सेवा प्रवाहको लागि स्थलगत सर्जमिन मुचुल्का बाहेकका अन्य प्रशासनिक सेवा सोही दिन तत्कालै उपलब्ध गराइन्छ । सुचनाको हकको सम्बन्धमा सुचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधिभर र अन्यका हकमा नागरिक बडापत्रमा तोके बमोजिम र विशेष कानुनले अवधि तोकेकोमा सोही बमोजिम ।

**(७) निर्णय गर्ने प्रक्रिया र अधिकारीः** सम्बन्धित अधिकारीले कार्यको प्रकृति हेरी सोसँग सम्बन्धित शाखा र उपशाखामा आवश्यक कारवाहीका लागि पठाउने र शाखाप्रमुखबाट कारबाही अगाडी बढाउने गरिएको ।

**(८) निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

प्रमुख प्रशासकीय अधिकृतः श्री गोपाल प्रसाद दुलाल

**(९) सम्पादन गरेको कामको विवरणः**

यस गाउँपालिकाको नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा गाउँपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारवाहीहरु गर्दै आईरहेको छ ।

**(१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः**

कार्यालय प्रमुखको नामः गोपालप्रसाद दुलाल

पद: प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क नम्बर:९८५१४२०१००

सूचना अधिकारीको नामः विष्णुप्रसाद आचार्य

पद: बरिष्ठ शिक्षा अधिकृत

सम्पर्क नम्बर: ९८५१४२०१११

**(११) ऐन, नियम,नीति वा निर्देशिकाको सूचीः**

| सि.नं. | **ऐन, नियम,नीति, निर्देशिका वा मापदण्डको नाम** |
|---|---|
| १ | कोन्ज्योसोम गाउँपालिकाको प्रशासकीय कार्यविधि) नियमित गर्न (ऐन,२०७५ |
| २ | कोन्ज्योसोम गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी ऐन,२०७५ |
| ३ | कोन्ज्योसोम गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७६ |
| ४ | स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ |
| ५ | कोन्ज्योसोम गाउँपालिकाको सहकारी ऐन, २०७९ |
| ६ | कोन्ज्योसोम गाउँपालिकाको शिक्षा ऐन, २०७९ |
| ७ | कोन्ज्योसोम गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति२०८०— |
| ८ | कोन्ज्योसोम गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति२०८०— |
| ९ | कोन्ज्योसोम गाउँपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०८० |
| १० | कोन्ज्योसोम गाउँपालिका प्रज्ञा प्रतिष्ठान ऐन ,२०८१ |
| ११ | कोन्ज्योसोम गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ |
| १२ | कोन्ज्योसोम गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६ |
| १३ | कोन्ज्योसोम गाउँपालिकाको कृषि सेवा सम्बन्धी कार्यक्रमहरु सञ्चालन कार्यविधि,२०७६ |
| १४ | कोन्ज्योसोम गाउँपालिकाको अध्यक्ष रोजगार कार्यक्रम) सञ्चालन तथा व्यवस्थापनकार्यविधि (, २०७६ |
| १५ | कोन्ज्योसोम गाउँपालिकाको अध्यक्ष रोजगार कार्यक्रम) सञ्चालन तथा व्यवस्थापनकार्यविधि (, २०७६ |
| १६ | कोन्ज्योसोम गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ |
| १७ | कोन्ज्योसोम गाउँपालिकाको एम्बुलेन्स सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ |
| १८ | कोन्ज्योसोम गाउँपालिकाको मेलमिलाप सम्बन्धी कार्यसञ्चालन कार्यविधि, २०७६ |
| १९ | कोन्ज्योसोम गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ |
| २० | कोन्ज्योसोम गाउँपालिकाको असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७७ |

| | |
|---|---|
| २१ | कोन्ज्योसोम गाउँपालिकामा संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ |
| २२ | कोन्ज्योसोम गाउँपालिकामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी कार्यविधि, २०७७ |
| २३ | कोन्ज्योसोम गाउँपालिकाको" खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नवीकरण व्यवस्थापन कार्यविधि, २०७७ |
| २४ | कोन्ज्योसोम गाउँपालिकाको संस्था दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०७७ |
| २५ | कोन्ज्योसोम गाउँपालिकाको स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ |
| २६ | कोन्ज्योसोम गाउँपालिकाको गुनासो सम्बोधन तथा व्यवस्थापन कार्यविधि, २०७७ |
| २७ | कोन्ज्योसोम गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ |
| २८ | कोन्ज्योसोम गाउँपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचय पत्र—वितरण कार्यविधि, २०७८ |
| २९ | कोन्ज्योसोम गाउँपालिकाको वडा/कार्यपालिका सभा बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ |
| ३० | कोन्ज्योसोम गाउँपालिकाको ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि, २०७९ |
| ३१ | कोन्ज्योसोम गाउँपालिकाको कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार) निवारणसंहिता आचार (, २०७९ |
| ३२ | कोन्ज्योसोम गाउँपालिकाको कर्मचारी अवकाश) उपदान (सेवा संचालन कार्यविधि, २०७९ |
| ३३ | कोन्ज्योसोम गाउँपालिकाको खेलकुद पुरस्कार तथा सम्मान कार्यविधि, २०७९ |
| ३४ | कोन्ज्योसोम गाउँपालिकाको स्थानीय लैंगिक हिंसा निवारण कोष) सञ्चालन (कार्यविधि २०७९ |
| ३५ | कोन्ज्योसोम गाउँपालिकाको विपद् पीडित राहत, २०७९ |
| ३६ | कोन्ज्योसोम गाउँपालिकाको बालअधिकार संरक्षण तथा सम्वद्र्धन कार्यविधि, २०८० |
| ३७ | कोन्ज्योसोम गाउँपालिकाको छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८० |
| ३८ | कोन्ज्योसोम गाउँपालिकाको वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संगठन सम्बन्धी कार्यविधि, २०८० |
| ३९ | अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि, २०८० |
| ४० | व्याक हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०८० |
| ४१ | खेलकुद परिषद् गठन सम्बन्धी कार्यविधि, २०८० |
| ४२ | कार्यविभाजन नियमावली, २०८० |
| ४३ | कार्य सम्पादन नियमावली, २०८० |
| ४४ | निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण सम्बन्धमा (कार्यविधि)व्यवस्था गर्न बनेको नियमावली, २०८० |
| ४५ | कोन्ज्योसोम गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यविधि, २०८० |
| ४६ | कोन्ज्योसोम गाउँपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०८० |
| ४७ | कोन्ज्योसोम गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधि, २०८१ |
| ४८ | आन्तरिक नियन्त्रण कार्यविधि, २०८१ |

| | |
|---|---|
| ४९ | पर्यटन व्यवस्थापन कार्यविधि, २०८१ |
| ५० | खानेपानी व्यवस्थापन कार्यविधि, २०८१ |
| ५१ | अनुदान संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ |
| ५२ | सामुदायिक वीउ बैङ्क संचालन कार्यविधि ,२०८१ |
| ५३ | कोन्ज्योसोम प्रज्ञा प्रतिष्ठान ऐन, २०८१ |
| ५४ | गाउँपालिकाको लेखा समिति गठन तथा कार्यसन्चालन कार्यविधि,२०८२ |
| ५५ | बेरुजु फछ्यौंट कार्यविधि,२०८२ |
| ५६ | गाउँसभा सचिवालय स्थापना तथा कार्यसन्चालन कार्यविधि,२०८२ |
| | |

## (१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

आ.व. : २०८२/८३ अवधी : २०८२/१०/०१-२०८३/१२/३०

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १,८६,५०,०००.०० | ३९,०१,६१६.०० | २०.९२ | १,४७,४८,३८४.०० |
| १ | कृषि | ७७,५०,०००.०० | २०,३७,६८१.०० | २६.२९ | ५७,१२,३१९.०० |
| २ | उद्योग | १२,००,०००.०० | २,४३,०२५.०० | २०.२५ | ९,५६,९७५.०० |
| ३ | पर्यटन | १४,००,०००.०० | २०,०००.०० | १.४३ | १३,८०,०००.०० |
| ४ | सहकारी | ३,००,०००.०० | २,५०,०००.०० | ८३.३३ | ५०,०००.०० |
| ५ | बन | १,००,०००.०० | १,००,०००.०० | १०० | ०.०० |
| ६ | पशुपन्छी विकास | ७७,००,०००.०० | १०,५६,९१०.०० | १३.७३ | ६६,४३,०९०.०० |
| ७ | भूमि व्यवस्था | २,००,०००.०० | १,९४,०००.०० | ९७ | ६,०००.०० |
| २ | सामाजिक विकास | २१,२१,९४,६५१.०० | ४,८१,७९,६५५.२८ | २२.७१ | १६,४०,१४,९९५.७२ |
| १ | शिक्षा | १३,४५,५९,६५१.०० | ३,८७,३०,७२३.२१ | २८.७८ | ९,५८,२८,९२७.७९ |
| २ | स्वास्थ्य | ४,५३,८०,०००.०० | ६६,५६,६८२.८२ | १४.६७ | ३,८७,२३,३१७.१८ |
| ३ | खानेपानी तथा सरसफाई | १,४८,६५,०००.०० | ८,७३,६६७.२५ | ५.८८ | १,३९,९१,३३२.७५ |
| ४ | भाषा तथा संस्कृति | ३०,५०,०००.०० | १२,२९,१२१.०० | ४०.२९ | १८,२०,८७९.०० |
| ५ | लैंगिक समानता तथा | ३७,५०,०००.०० | १,९२,३५०.०० | ५.१३ | ३५,५७,६५०.०० |

आ.व. : २०८२/८३ अवधी : २०८२/१०/०१-२०८३/१२/३०

| क.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| | सामाजिक समावेशीकरण | | | | |
| ६ | युवा तथा खेलकुद | ६७,००,०००.०० | १,००,०००.०० | १.४९ | ६६,००,०००.०० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | ३८,९०,०००.०० | ३,९७,१११.०० | १०.२१ | ३४,९२,८८९.०० |
| ३ | पूर्वाधार विकास | १३,६६,३४,९००.०० | १,६९,४८,३२४.२५ | १२.४ | ११,९६,८६,५७५.७५ |
| १ | यातयात पूर्वाधार | ८,००,०९,९००.०० | १,१०,६३,७८५.२५ | १३.८३ | ६,८९,४६,११४.७५ |
| २ | भवन, आवास तथा सहरी विकास | ४,५९,७५,०००.०० | ५२,३२,७९७.०० | ११.३८ | ४,०७,४२,२०३.०० |
| ३ | सम्पदा पूर्वाधार | ८१,५०,०००.०० | ६,५१,७४२.०० | ८ | ७४,९८,२५८.०० |
| ४ | पुननिर्माण | २५,००,०००.०० | ०.०० | ० | २५,००,०००.०० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,०९,३८,०००.०० | २,८२,६४१.०० | १.३५ | २,०६,५५,३५९.०० |
| १ | वातावरण तथा जलवायु | ३२,००,०००.०० | ०.०० | ० | ३२,००,०००.०० |
| २ | विपद व्यवस्थापन | ४९,००,०००.०० | ०.०० | ० | ४९,००,०००.०० |
| ३ | मानब संशाधन विकास | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| ४ | शान्ति तथा सुव्यवस्था | २,५०,०००.०० | ३४,२००.०० | १३.६८ | २,१५,८००.०० |
| ५ | कानुन तथा न्याय | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| ६ | शासन प्रणाली | २२,००,०००.०० | ३६,४९०.०० | १.६६ | २१,६३,५१०.०० |
| ७ | तथ्यांक प्रणाली | ५,००,०००.०० | २०,०००.०० | ४ | ४,८०,०००.०० |
| ८ | गरिबी निवारण | ९,००,०००.०० | १,०५,४५०.०० | ११.७२ | ७,९४,५५०.०० |
| ९ | श्रम तथा रोजगारी | २७,८८,०००.०० | ०.०० | ० | २७,८८,०००.०० |
| १० | योजना तर्जुमा र कार्यन्वयन | ३०,००,०००.०० | ०.०० | ० | ३०,००,०००.०० |
| ११ | अनुगमन तथा मूल्यांकन | ५,००,०००.०० | ५३,९११.०० | १०.७८ | ४,४६,०८९.०० |

आ.व. : २०८२/८३ अवधी : २०८२/१०/०१-२०८३/१२/३०

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १२ | प्रशासकीय सुशासन | ७,००,०००.०० | ०.०० | ० | ७,००,०००.०० |
| १३ | वित्तीय सुशासन | १२,००,०००.०० | ३२,५९०.०० | २.७२ | ११,६७,४१०.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७,९०,११,१००.०० | १,७५,८६,००४.६६ | २२.२६ | ६,१४,२५,०९५.३४ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७,९०,११,१००.०० | १,७५,८६,००४.६६ | २२.२६ | ६,१४,२५,०९५.३४ |
| कुल जम्मा | | ४६,७४,२८,६५१.०० | ८,६८,९८,२४१.१९ | १८.५९ | ३८,०५,३०,४०९.८१ |

**(१३) आर्थिक वर्ष २०८२।०८३ को माघ देखि चैत्र सम्म संचालन गरेका कार्यक्रम र कार्य सम्पादनहरुः**

- पालिका मातहतका स्वास्थ्य चौकी प्रमुखहरुको उपस्थितिमा माघ देखि चैत्र महिना सम्मको नियमित डाटा भेरिफिकेसन/मासिक समिक्षा सम्पन्न ।
- पालिका मातहतका ६ वटै स्वास्थ्य चौकीहरुमा औषधि आपूर्तिका लागि औषधि रिप्याकिंङ् गरी वितरण कार्यक्रम सम्पन्न ।
- क्षयरोग कार्यक्रमहरुको पालिका स्तरीय अर्धबार्षिक समिक्षा सम्पन्न भएको ।
- ल्याब तथा सर्जिकल समान खरिद तथा वितरण सम्पन्न भएको ।
- आधारभूत स्वास्थ्य सेवाका लागि औषधि खरिद कार्य सम्पन्न भई वितरण समेत भएको ।
- आधारभूत अस्पतालका लागि औजार उपकर तथा स्वास्थ्य सामग्री बोलपत्र प्रक्रिया मार्फत खरिद कार्य सम्पन्न ।
- ५ वटै स्वास्थ्य चौकी प्रमुख,खोप फोकल पर्सनहरुको उपस्थितिमा र जनस्वास्थ्य कार्यालयको सहजिकरणमा नियमित खोप कार्यक्रमको सुक्ष्म योजना तर्जुमा कार्यक्रम सम्पन्न भएको ।
- नियमित खोपमा बिद्यालय केन्द्रित HPV खोप अभियान सम्पन्न भएको ।
- मानसिक स्वास्थ्य/आत्महत्या न्यूनीकरण सम्बन्धि बिद्यालयमा आधारित स्वास्थ्य शिक्षा कार्यक्रम ३ वटा माध्यमिक विद्यालयमा सम्पन्न गरिएको ।
- पालिका मातहतका ५ वटै स्वास्थ्य संस्थाहरुमा नसर्ने रोगको स्क्रिनिङ् सिविर तथा जनचेतना कार्यक्रम सम्पन्न गरिएको ।
- जिल्ला जनस्वास्थ्य कार्यालयको आयोजना र कोन्ज्योसोम गाउँपालिकाको समन्वय तथा सहकार्यमा बृहत जनस्वाथ्य शिबिर तथा पोषण प्रवर्धन कार्यक्रम सम्पन्न साथै सो शिविरमा ६८५ जना लाभाम्बित भएका थिए ।

- शंखु आधारभूत अस्पतालमा ल्याब स्थापना गरी ल्याब सेवा संचालनका लागि ल्याब असिस्टेन्ट नियुक्त गरीएको ।
- पालिका स्तरमा नियमित खोप कार्यक्रम सद्रिधिकरण सुक्ष्म योजना तर्जुमा कार्यक्रम सम्पन्न
- पूर्ण खोप सुनिस्चाताताको लागि गरधुरी सर्वेक्षण,अभिमुखीकरण र प्रमाणीकरण कार्यक्रम सम्पन्न
- असोजमा विरुवा तथा विउको आह्वान सम्बन्धी सूचना प्रकाशन, आवेदन सङ्कलन र काजजातहरु रुजु गरी सोही अनुसार स्याउ कागती ओखर आलुबखडा एभोकाडो कांक्रा फर्सी काउली बन्दा बिउ तथा बिरुवा वितरण भएको ।
- नियमति हाटबजार सन्चालनको लागि जग्गा धनि सँग सम्झौताको लागि प्रकृया अगाडी बढेको ।
- बिउ उत्पादन स्थलगत १ दिने तालिम सवै वडाहरुमा सन्चालन सञ्चालन भएको।
- जम्मा भएको।
- पालिका स्तरिय रैथाने बाली सम्बन्धी अन्तरकृया गोष्ठी सन्चालन गरिएको।
- स्थानिय विउ मकै फापर कोदो कांक्राको बिउ संकलन तथा वितरण भएको ।
- मौसमी तरकारी तथा फलफुलहरु विक्री कक्षामा जोख्ने मिसिन र झोलाहरुको ब्यवस्था गरेको कोन्ज्योसोम गाउँपालिकाको नियमन क्षेत्राधिकार भित्र पर्ने १८ वटा दुग्ध उत्पादक सहकारी संस्थाहरुको उत्पादनमा आधारित दुधमा प्रोत्साहन कार्यक्रम सञ्चालन प्रयोजनार्थ अनुगमन गर्ने कार्य भएको ।
- उत्पादनमा आधारित दुधमा प्रोत्साहन कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना प्रकाशन, आवेदन सङ्कलन र काजजातहरु रुजु गर्ने कार्य भएको ।
- गाईभैंसी प्रवर्द्धन कार्यक्रम अन्तर्गत प्रस्ताव आह्वान सम्बन्धी सूचना प्रकाशन, आवेदन सङ्कलन र काजजातहरु रुजु गर्ने कार्य र अनुदानग्राही छनौटका लागि थप भेरिफिकेशन गर्न सम्बन्धित वडाको जनप्रतिनिधि र पशु सेवा प्राविधिकको टोलीले आवेदक घरगोठमा गई फिल्ड भेरिफिकेशन गर्ने कार्य भएको ।
- आ.व २०८१/०८२ मा स्थापना भएको पकेट विकास कार्यक्रम निरन्तरता अन्तर्गत प्रस्ताव आह्वान सम्बन्धी सूचना प्रकाशन, आवेदन सङ्कलन र काजजातहरु रुजु गर्ने कार्य र आवेदकहरुको फिल्ड अनुगमन गरियो।
- सामुदायिक कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम अन्तर्गत कोन्ज्योसोम गाउँपालिका वडा नं.१, २,३ र ४ मा क्रमशः१६, २२, ७, २५ वटा सामुदायिक कुकुर बन्ध्याकरण गरी रेविज रोग विरुद्धको खोप लगाउने कार्य भएको।
- खोरेत रोगसँग मिल्दाजुल्दा लक्षणहरु देखा परेको पशुचौपायाको नमूना सङ्कलन गरी खोरेत रोग तथा सीमाबिहीन पशु रोग अन्वेषण प्रयोगशाला बुढानीलकण्ठ,काठमाडौंमा परीक्षणको लागि पठाईयो र नमूना परीक्षण गर्दा भैसीं ८ वटा र बाख्रा ७ वटामा खोरेत रोग लागेको पुष्टी भएकोले सो रोग नियन्त्रण तथा रोकथामका कार्यहरु सञ्चालन भएको।

- १९१ वडा गाईभैसींमा कृत्रिम गर्भाधान कार्य भएको।
- ६४७३ वटा पशुबस्तु विभिन्न रोगको उपचार सेवा प्रदान गरिएको।
- विषयगत समित बैठक ५ पटक सम्पन्न भएको ।
- कर्मचारी बैठक २ पटक सम्पन्न भएको ।
- कार्यपालिका बैठक ३ पटक सम्पन्न भएको ।
- प्रदेश सभाको आयोजनामा कानून निर्माण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको ।
- प्रारम्भिक बैठकआ.व.२०८३/८४ को वार्षिक नीति कार्यक्रम योजना सम्बन्धी प्रारम्भिक बैठ सम्पन्न भएको ।
- डिजिटल प्रोफाईल सम्बन्धी अभिमुखीकरण सम्पन्न भएको
- करदाता सेवा सन्चालन गर्न अभिमुखीकरण तालिम सन्चालन भएको ।
- मिति २०८०/४/२२ गते भूमिहिन सुकुम्वासी ३९ र दलित सुकुम्वासी ४ गरी जम्मा ४३ जनाको निस्सा वितरण भएकोमा थप कार्य अगाडी बढाउन सम्बन्धित निकायमा पठाईएको ।
- वैदेशिक रोजगारीमा जाने ३ जना श्रमिकहरुको श्रम स्वीकृतिको लागि सहजिकरण गरिएको
- २ जनालाइ रोजगारीको लागि सहजिकरण गरिएको
- गाउँपालिकाको वडा नं. ३ खोर्सानीबारीमा एकिकृत विकास कार्यक्रम (होमस्टे कार्यक्रम) सम्बन्धी २५ जनाको सहभागितामा अभिमुखीकरण र उद्यमी समूह गठन गरिएको।
- वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने विरामी आर्थिक सहायताको लागि बोर्डमा १ जनाको विवरण पेश गरिएको।
- वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने वैदेशिक रोजगारी सन्तती छात्रवृत्तिको लागि सूचना सम्प्रेषण गरिएको।
- सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी समुदायस्तरमा अभिमुखीकरण कार्यक्रम
- सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम अन्तर्गत सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने कल्याणकारी सेवा सम्बन्धी समुदायस्तरमा अभिमुखीकरण कार्यक्रम र व्यक्तिगत घरभेट कार्यक्रमहरु सम्पन्न गरिएको।
- बेरोजगार दर्ताको लागि वडा कार्यालयहरु मार्फत आवेदन संकलन गरिएको।
- सीप तथा उद्यम विकास तालिमको लागि नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (NATHM), सुरक्षित आप्रवासन कार्यक्रमको कार्यालय, उद्योग तथा वाणिज्य कार्यालय, वागमती प्रदेश श्रम, रोजगार तथा यातायात कार्यालयमा समन्वय गरिएको र सीपमूलक तालिमका सूचनाहरु निरन्तर सम्प्रेषण गरिएको ।
- रोजगारी तथा सीपमूलक तालिमहरुको लागि ईच्छुक सूचिकृत बेरोजगार व्यक्तिहरुको विवरण अद्यावधिक गरिएको।

- आर्थिक वर्ष २०८१/२०८२ को रोजगार सेवा केन्द्रको प्रगति विवरण श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा पेश गरिएको।
- सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत स्थानीय तह कार्यक्रम कार्यान्वयन समितिको बैठक सम्पन्न गरिएको।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका अनुसार उद्यम विकास समिति गठन गरिएको ।
- ५ वटै वडामा Home stay का लागि अनुगमन तथा सर्वेक्षण कार्य सम्पन्न भएको ऽ
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनका लागि कार्यपालिकाको बैठक अनुसार वडा, वस्ति छनोट गरिएको ।
- Home stay सञ्चालन सम्बन्धी कार्यविधि तयार गरिएको ।
- सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहीहरुको बैंक खाताहरु update गरीएको,
- मृत्यु भएका लाभग्राहीको लगत कट्टा गरिएको,
- नयाँ तथा लगतकट्टा भएका लाभग्राहीहरुको विवरण रुजु गरिएको,
- लगत कट्टा गरिएको लाभग्राहीहरुको रकम फिर्ता गर्नको लागि समन्वय गरिएको,
- बायोमेट्रिक रुजु अन्तर्गत फिङ्गरप्रिन्ट डिभाइस द्धारा रुजु गर्न कठिन भएकोले सेवाग्राहीहरुको लागि आइरिस डिभाइसको परिक्षण गरिएको,
- वडा कार्यालयहरुमा सामाजिक सुरक्षा तथा पञ्जीकरण प्रणाली सम्बन्धी समस्याहरुको समाधानमा सहकार्य तथा समन्वय र System सम्बन्धित Updates हरु नियमित भै रहेको
- विभिन्न मितिमा १८ वटा सहकारी अनुगमन भएको ।
- सहकारी संस्थाहरुका ४० जना सदस्यहरुलाई ३ दिने कोपमिस सम्बन्धि तालिम सम्पन्न भएको ।
- एकीकृत सुचना प्रणाली निर्माणको लागि शाखा प्रमुख ,वडा सचिब ,अध्यक्ष्,उपाध्यक्ष को उपस्थितिमा प्रारम्भिक अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको ।
- शाखा प्रमुखहरुको लागि LGPAS स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन गरी जिल्ला समन्वय समिति बाट प्राप्त पृष्ठपोषणसमेतको आधारमा ७२.६ अंक मन्त्रालयमा पेश गरेको
- आगामी आ.वको नीति कार्यक्रम, बजेट निर्माण तथा आयोजना बैंक निर्माण तथा संचालनको लागि शाखा प्रमुख, वडा सचिबको उपस्थितिमा अन्तरक्रिया तथा छलफल कार्यक्रम संचालन भएको ।
- गाउँपालिकाका सबै वडा तथा पालिका स्तरमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको ।
- उपभोक्ता समिति मार्फत कार्यन्वयन भएका विकास निर्माणका आयोजानाहरु ९० प्रतिशत कार्य सम्पन्न भएको।

- E-Bidding मार्फत ठेक्काहरु Goods को १ वटा र works को ४ गरी हालसम्म ५ वटा ठेक्काहरु आवहान भइ कार्यान्वयनमा रहेको।
- Goods १ वटा र works ३ वटाको कार्य सम्पन्न भइ भुक्तानी भएको।
- आ.व २०८३/०८४ को लागि आयोजनाहरुको लागत अनुमान तयार गरी प्रदेश सरकार र संघिय सरकार संग माग गरिएको। विद्यालयका शिक्षक तथा कर्मचारहरुको तलबभत्ता मासिक रकम विद्यालयहरुमा निकाशा गरिएको ।
- कक्षा ८ को केन्द्राध्यक्षहरुको अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको
- विग विद्यालय / विद्यालय पुन: संरचना / मर्च सम्बन्धी प्रस्तवना तयारी शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाइएको ।
- गाउँ शिक्षा योजना निमार्णका लागि वडा स्तरीय सुझाव संकलन तथा छलफल कार्यक्रम संम्पन्न भएको
- दोस्रो त्रैमासिक परीक्षाको रकम विद्यालयहरुमा भुक्तानी गरिएको ।
- गाउँ शिक्षा समिति र परीक्षा समितिका बैठक सम्पन्न भएको र प्रधनाध्यापकहरुको बैठक बसी विद्यालयका बार्षिक परीक्षाहरुको समीक्षा गर्ने कार्य सम्पन्न भएको ।
- कक्षा ८ को परीक्षा संचालन र परीक्षा अनुगमन तथा सुपरीवेक्षण कार्य सम्पन्न भएको ।
- कक्षा १० को परीक्षा अनुगमन तथा सुपरीवेक्षण कार्य सम्पन्न भएको
- गाउँ शिक्षा योजना निमार्णका खटिने गणकहरुको तालिम सम्पन्न भइ गणना कार्यपश्चात गणकहरुले तथ्याङ्क संकलन कार्य सम्पन्न भएको ।
- तोकिएका विद्यार्थीहरुको दिवा खाजा बापतको  रकम विद्यालयहरुमा निकाशा गरेको
- सार्वजनिक विद्यालयका विद्यार्थीहरुको लागि निशुल्क पाठ्यपुस्तक बापतको रकम भुक्तानी गरिएको ।
- सामुदायिक सिकाइ केन्द्रलाई कार्यक्रम संचालनका अनुदान उपलब्ध गराइएको
- Real Plan कार्यान्वयन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको ।
- लुनिभा पाटन सिविआरको सहयोग र गाउँपालिकाको समन्वयमा विद्यालयका प्रअहरुको शैक्षिक अवलोकन भ्रमण सम्पन्न भएको ।
- शक्षिक योजना निर्माणका लागि कार्यदलको बैठक बसी योजना निर्माणको आन्तरिक कार्य भइरहेको ।
- बाल अधिकार समितिको बैठक संचालन २ पटक भएको
- पालिका स्तरीय बाल अधिकार समिति र सोकारवालाहरुको क्षमता अभिवृद्ध कार्यक्रम संचालन गरिएको

- वडा स्तरीय बाल अधिकार समिति र सोकारवालाहरुको क्षमता अभिवृद्ध कार्यक्रम

  एड्भान्स ब्युटिसियन तालिम उदघाटन
- वडा न १ र २ मा बाल विवाह अन्त्यका लागि सरोकारवालाहरुसँग अन्तर्क्रियात्मक तथा प्रतिबद्धतात्मक कार्यक्रम संचालन
- ३ जनाको लागि ज्येष्ठ नागरीक परिचय-पत्र वितरण
- कोन्ज्योसोम गाउँपालिकाको आयोजनामा तथा युवालयको सहकार्यमा बाल अधिकार समितिले हालसम्म गरेका गतिविधिहरूको समीक्षा तथा आगामी कार्ययोजना निर्माण सम्बन्धी कार्यक्रम सम्पन्न
- राष्ट्रिय बाल अधिकार परिषद र APERAN सँग समन्वयात्मक बैठक
- जिल्ला समन्वय समिति ललितपुरमा अर्धबार्षिक समिक्षामा सहभागीता जनाई प्र.प्र.अ.ज्यू मार्फत अर्धबार्षिक प्रगति प्रस्तुत गरिएको ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा आ.ब. २०८१/०८२ को १७ वटा सूचकमा आधारित कार्यसम्पादन मूल्याङ्कनका लागि विवरण पेश गरी ६८ अंक प्राप्त भएको ।
- नेपाल सरकारबाट आ.ब. २०८३/०८४ का लागि प्रस्ताव आवहान भए बमोजिम बिशेष र समपुरक अनुदानका लागि प्रस्ताव तयार गरी पेश गरिएको ।
- बागमती प्रदेश सरकारबाट आ.ब. २०८३/०८४ का लागि प्रस्ताव आवहान भए बमोजिम बिशेष र समपुरक अनुदानका लागि प्रस्ताव तयार गरी पेश गरिएको ।
- Local Governance Performance Assessment System(LGPAS) सम्बन्धमा गाउँपालिका स्तरीय अभिमुखिकरण तथा यस गाउँपालिकाका विभिन्न शाखा तथा वडाहरु मार्फत भएका नतिजामा आधारित कार्यसम्पादनको प्रणालीमा सूचना प्रविधि शाखासँगको सहकार्यमा प्रविष्टी गर्ने कार्य सम्पन्न गरिएको ।
- आगामी आर्थिक बर्ष २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम, र बजेट तर्जुमाका सम्बन्धमा शाखाहरु तथा वडाहरुसँग प्रारम्भिक छलफलको कार्य सम्पन्न गरिएको ।
- कोन्ज्योसोम गाउँपालिकाको आ.ब. २०८२/०८३ मा सञ्चालन गरिने आन्तरिक पर्यटन प्रवर्द्धन कार्यक्रमका लागि कार्यक्रम सञ्चालन कार्यविधि- २०८२ को मस्यौदा तयार गरिएको
- उपभोक्ता मार्फत कार्य सम्पन्न भएका तथा कार्यान्वयनका क्रममा रहेका आयोजनाहरुः-

| वडा नं. | जम्मा आयोजना | सम्झौता भएका | सम्झौता बाँकी | कार्य सम्पन्न भएका | कार्यान्वयनका क्रममा रहेका |
|---|---|---|---|---|---|
| १ | १४ | १० | ४ | ७ | ३ |
| २ | १७ | १६ | १ | ५ | ११ |
| ३ | १६ | ११ | ५ | ५ | ६ |
| ४ | ९ | ९ | ० | ६ | ३ |
| ५ | १६ | १५ | १ | १३ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| कुल | ७२ | ६१ | ११ | ३६ | २५ |

- कोन्ज्योसोम गाउँपालिकामा आन्तरिक राजस्व कार्यालयका सेवा चैत्र २५ देखि औपचारिक रूपमा सुचारु गरिएको छ। गाउँ कार्यपालिकाको कार्यालयबाट नै प्राप्त गर्न सकिने सेवाहरूः
    - व्यक्तिगत तथा व्यावसायिक PAN दर्ता
    - करचुक्ता प्रमाणपत्र प्राप्ति लगायत

**(१४) कार्यालयको वेभसाईट भए सोको विवरणः** www.konjyosommun.gov.np

**(१५) कार्यालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः**

कार्यालयले हालसम्म कुनै वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता गरेको छैन ।

**(१६) कार्यालयको क्षेत्रगत कार्यक्रम र सो को प्रगति प्रतिवेदनः**

**क्षेत्रगत बजेट तथा खर्च**

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १,८६,५०,000.00 | ३८,१४,६६६.00 | २०.४५ |
| १ | कृषि | ७७,५०,000.00 | १९,५०,७३१.00 | २५.१७ |
| २ | उद्योग | १२,00,000.00 | २,४३,0२५.00 | २०.२५ |
| ३ | पर्यटन | १४,00,000.00 | २0,000.00 | १.४३ |
| ४ | सहकारी | ३,00,000.00 | २,५0,000.00 | ८३.३३ |
| ५ | बन | १,00,000.00 | १,00,000.00 | १00 |
| ६ | पशुपन्छी विकास | ७७,00,000.00 | १0,५६,९१0.00 | १३.७३ |
| ७ | भूमि व्यवस्था | २,00,000.00 | १,९४,000.00 | ९७ |
| २ | सामाजिक विकास | २१,२१,९४,६५१.00 | ४,८0,५५,९४९.२८ | २२.६५ |
| १ | शिक्षा | १३,४५,५९,६५१.00 | ३,८७,३0,७२३.२१ | २८.७८ |
| २ | स्वास्थ्य | ४,५३,८0,000.00 | ६५,३२,९७६.८२ | १४.४ |
| ३ | खानेपानी तथा सरसफाई | १,४८,६५,000.00 | ८,७३,६६७.२५ | ५.८८ |
| ४ | भाषा तथा संस्कृति | ३0,५0,000.00 | १२,२९,१२१.00 | ४0.२९ |
| ५ | लैंगिक समानता तथा सामाजिक | ३७,५0,000.00 | १,९२,३५0.00 | ५.१३ |

| | | | | |
|---|---|---|---|---|
| | समावेशीकरण | | | |
| ६ | युवा तथा खेलकुद | ६७,००,०००.०० | १,००,०००.०० | १.४९ |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | ३८,९०,०००.०० | ३,९७,१११.०० | १०.२१ |
| ३ | पूर्वाधार विकास | १३,६६,३४,९००.०० | १,६९,४८,३२४.२५ | १२.४ |
| १ | यातयात पूर्वाधार | ८,००,०९,९००.०० | १,१०,६३,७८५.२५ | १३.८३ |
| २ | भवन, आवास तथा सहरी विकास | ४,५९,७५,०००.०० | ५२,३२,७९७.०० | ११.३८ |
| ३ | सम्पदा पूर्वाधार | ८१,५०,०००.०० | ६,५१,७४२.०० | ८ |
| ४ | पुनर्निर्माण | २५,००,०००.०० | ०.०० | ० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,०९,३८,०००.०० | २,८२,६४१.०० | १.३५ |
| १ | वातावरण तथा जलवायु | ३२,००,०००.०० | ०.०० | ० |
| २ | विपद व्यवस्थापन | ४९,००,०००.०० | ०.०० | ० |
| ३ | मानब संशाधन विकास | ३,००,०००.०० | ०.०० | ० |
| ४ | शान्ति तथा सुव्यवस्था | २,५०,०००.०० | ३४,२००.०० | १३.६८ |
| ५ | कानुन तथा न्याय | ५,००,०००.०० | ०.०० | ० |
| ६ | शासन प्रणाली | २२,००,०००.०० | ३६,४९०.०० | १.६६ |
| ७ | तथ्यांक प्रणाली | ५,००,०००.०० | २०,०००.०० | ४ |
| ८ | गरिबी निवारण | ९,००,०००.०० | १,०५,४५०.०० | ११.७२ |
| ९ | श्रम तथा रोजगारी | २७,८८,०००.०० | ०.०० | ० |
| १० | योजना तर्जुमा र कार्यन्वयन | ३०,००,०००.०० | ०.०० | ० |
| ११ | अनुगमन तथा मूल्यांकन | ५,००,०००.०० | ५३,९११.०० | १०.७८ |
| १२ | प्रशासकीय सुशासन | ७,००,०००.०० | ०.०० | ० |
| १३ | वित्तीय सुशासन | १२,००,०००.०० | ३२,५९०.०० | २.७२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७,९०,११,१००.०० | १,७२,१४,३०४.६६ | २१.७९ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७,९०,११,१००.०० | १,७२,१४,३०४.६६ | २१.७९ |
| कुल जम्मा | | ४६,७४,२८,६५१.०० | ८,६३,१५,८८५.१९ | १८.४६ |

**(१७) कार्यालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावलीः**

यस गाउँपालिकाको सम्पूर्ण सुचना विवरण तथ्यांक एवं आवश्यक दस्तावेजहरुको वर्गीकरण नगरेको र त्यस्ता सूचनाहरु गाउँपालिकाले प्रचलित एन नियमानुसार सुरक्षित राख्ने गरिएको छ ।

**(१८) कार्यालयमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः**

नेपाली नागरिक सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले गाउँपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ ।मिति २०८२ माघ देखि २०८२ चैत्रसम्म लिखित रुपमा १ जनाले सुचना माग गरेको र मागअनुसारको सुचना उपलब्ध गराइएको छ ।

(१९) कार्यालयका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणःयस गाउँपालिका सम्बन्धी सूचनाहरु www.konjyosommun.gov.np र Konjyosom Rural Municipality नामको फेसबुक पेजमा प्रकाशन गर्ने गरिएको ।